सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल

आदेश

मु.नं.०७७-WO-०१३९

विषयः- उत्प्रेषणयुक्त परमादेशसमेत।

हिमनिधि फुयालको नाति गुरुदत्त फुयालको छोरा जिल्ला नुवाकोट ओखरपौखा वडा नं. १ को हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने श्यामकृष्ण फुयाल.....१

हिमलाल श्रेष्ठको वुहारी नवराज जोशीको पत्नी जिल्ला धादिङ्ग गोलढुंगा वडा नं. ९ को हाल ऐ. ऐ. बस्ने चम्पा श्रेष्ठ जोशी.....१

मोहम्मद सकारको वुहारी मोहम्मद सिराजको पत्नी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ को हाल ऐ. ऐ. बस्ने सजिदा बानु..... १ निवेदक

जयकृष्ण खरेलको नाति वावुकृष्ण खरेलको छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने राजेन खरेल.....१

बुद्धि बहादुर पाठकको वुहारी अमृत पाठकको पत्नी जिल्ला नुवाकोट लिखु वडा नं. ४ को हाल ऐ. ऐ. बस्ने भवानी देवी प्याकुरेल.....१

सुसु बहादुर प्रधानको नाति विर बहादुर प्रधानको छोरा जिल्ला भोजपुर गुप्तेश्वर वडा नं. ८ को हाल ऐ. ऐ. बस्ने नरेन्द्र प्रधान.....१

सानु मानन्धरको वुहारी कृष्ण बहादुर मानन्धरको पत्नी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १२ को हाल ऐ. ऐ. बस्ने अष्टमाया मानन्धर.....१

कुल बहादुर श्रेष्ठको वुहारी चुडा बहादुर श्रेष्ठको पत्नी जिल्ला नुवाकोट रालुका वडा नं. ५ को हाल ऐ. ऐ. बस्ने तारा श्रेष्ठ.....१

धर्मवीर गमालको वुहारी लक्ष्मण गमालको पत्नी जिल्ला नुवाकोट विदुर नगरपालिका वडा नं. २ को हाल ऐ. ऐ. बस्ने मेनुका ताम्राकार.....१

मोतीलाल श्रेष्ठको नाति कुल बहादुर श्रेष्ठको छोरा जिल्ला नुवाकोट रालुका वडा नं. ४ को हाल ऐ. ऐ. बस्ने चुड़ा बहादुर श्रेष्ठ.....१

कमलकान्त उपाध्यायको नाति भवनाथ उपाध्यायको छोरा जिल्ला नुवाकोट नयाँमण्डव वडा नं. २ को हाल ऐ. ऐ. बस्ने रामेश्वर भण्डारी.....१

तिर्थराज पौडेलको वुहारी रामचन्द्र पौडेलको पत्नी जिल्ला स्याङजा आरुखर्क वडा नं. ५ को हाल ऐ. ऐ. बस्ने कल्पना पौडेल.....१

कृष्ण बहादुर पौडेलको वुहारी चिरन्जीवी पौडेलको पत्नी जिल्ला सुनसरी ईटहरी वडा नं. ४ को हाल ऐ. ऐ. बस्ने पार्वती कुमारी लामिछाने (पौडेल).....१

मोहनराज रेग्मीको वुहारी विदुर रेग्मीको पत्नी जिल्ला धादिङ्ग जिवनपुर वडीखेल वडा नं. १ को हाल ऐ. ऐ. बस्ने पदमा रेग्मी.....१

केशव प्रसाद शर्माको वुहारी गोपाल शर्माको पत्नी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १३ को हाल ऐ. ऐ. बस्ने बच्चु शर्मा.....१

लिलाचन्द्र अधिकारीको नाति दिल बहादुर अधिकारीको पत्नी जिल्ला नुवाकोट मदानपुर वडा नं. ४ को हाल ऐ. ऐ. बस्ने हरि बहादुर अधिकारी.....१

सतिराम चौधरीको वुहारी चन्द्र प्रसाद चौधरीको पत्नी जिल्ला गोरखा गोरखकाली वडा नं. १ को हाल ऐ. ऐ. बस्ने विजयलक्ष्मी श्रेष्ठ.....१

बहादुर पाण्डेको नाति लक्षु पाण्डेको पत्नी जिल्ला चितवन चैनपुर वडा नं. २ को हाल ऐ. ऐ. बस्ने कमला पाण्डे.....१

मोती बहादुर श्रेष्ठको नाति लाल बहादुर श्रेष्ठको छोरा का.जिल्ला टोखा नगरपालिका वडा नं. ९ को हाल ऐ. ऐ. बस्ने रत्न प्रसाद श्रेष्ठ.....१

भिम बहादुर तामाङ्गको वुहारी राजकुमार तामाङ्गको पत्नी जिल्ला नुवाकोट विदुर नगरपालिका वडा नं. ८ को हाल ऐ. ऐ. बस्ने प्रिति तामाङ्ग.....१

<u>विरूद्ध</u>

नेपाल सरकार सहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं.....१

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं.....१

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं.....१

तारकेश्वर नगरपालिका कार्यालय, मनमैजु, तारकेश्वर, काठमाडौं.....१ प्रत्यर्थी

काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौं.....१

काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्त कार्यालय, अनामनगर, काठमाडौं.....१

नापी शाखा, मनमैजु, काठमाडौं.....१

जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं.....१

महानगरिय प्रहरी परिसर, टेकु, काठमाडौं.....१

महानगरिय प्रहरी बृत्त बालाजु, काठमाडौं.....१

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

निवेदनको संक्षिप्त तथ्य

१. हामी रिट निवेदकहरू काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६, नेपालटार पुलदेखि हिलेटोल पुलसम्मका स्थानीय बासिन्दा तथा सम्बन्धित घरजग्गाका हकभोगी हौं। हामीहरूको नाममा रहेको जग्गामा काठमाडौं महानगरपालिकाबाट विधिवत् नक्सा स्वीकृत गराई घर निर्माण गरी लामो समयदेखि बसोबास गर्दै आएका छौं। निवेदकहरूको बसोबास रहेको काठमाडौं महानगरपालिका वडा नं. १६ र महादेव खोलाको पारिपट्टि रहेको साविक मनमैजु गाविस वडा नं. १(क), हाल तारकेश्वर नगरपालिका वडा नं. ११ लाई महादेव खोलाले छुट्याएको छ। साविक २०२२ सालको सर्भे नापी नक्साअनुसार उक्त स्थानमा खोलाको वहाव क्षेत्र करिब २१– २२ मिटर रहेको देखिन्छ। समयक्रममा खोलाले कटान गरी निवेदकहरूको जग्गातर्फ करिब २.५ देखि ११ मिटरसम्म खोला पसेकाले नयाँ नापी हुँदा सोही अवस्थाअनुसार नापजाँच भई जग्गाको क्षेत्रफलसमेत घटेको अवस्था छ। हाल तारकेश्वर नगरपालिका वडा नं. ११ तर्फ खोलाको क्षेत्रमा सडक निर्माण भइसकेको अवस्थामा काठमाडौं उपत्यका विकास प्राधिकरण तथा तारकेश्वर नगरपालिकाबाट निवेदकहरूकोतर्फ अर्थात् काठमाडौं महानगरपालिका वडा नं. १६ तर्फ खोलालाई थप करिब ३ मिटर धकेल्ने गरी रिटेनिङ वाल निर्माण गर्न थालिएको छ। यसबाट साविक तथा हालको नापी नक्सामा कायम खोलाको वहाव क्षेत्रसमेत साँघुरिन गई निवेदकहरूको घरजग्गामा प्रत्यक्ष असर पर्ने अवस्था सिर्जना भएको छ। निवेदकहरूले सम्बन्धित नापी कार्यालय तथा अन्य निकायमा खोलाको वास्तविक वहाव क्षेत्र साविक तथा हालको नापी नक्साका आधारमा यकिन गर्न अनुरोध गरे तापनि प्रभावकारी नापजाँच तथा समन्वय हुन सकेन। स्थानीय स्तरबाट गरिएको नापजाँचमा समेत खोलाको हालको चौडाई साविक नापीभन्दा घटेर करिब १८ मिटर मात्र रहेको देखिएको छ। यसैबीच खोलाको भूभागमा सडक निर्माण हुनुका साथै तारकेश्वरतर्फ निजी जग्गामा समेत सडक तथा अन्य संरचना प्रवेश गराइएको अवस्था रहेको छ। यस विषयमा निवेदकहरूले सम्बन्धित निकायमा जानकारी गराउँदा काठमाडौं उपत्यका विकास प्राधिकरणबाट निर्माणाधीन रिटेनिङ वालको बजेट रोक्का गरिएको तथा काठमाडौं महानगरपालिकाले समेत मिति २०७७।२।२७ मा निर्माण कार्य रोक्का राख्न निर्णय गरी जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेको थियो। जिल्ला प्रशासन कार्यालय तथा प्रहरी निकायबाट समेत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी उक्त निर्णय कार्यान्वयन गर्न पत्राचार भएको देखिन्छ। तथापि निर्माण कार्य प्रभावकारी रूपमा रोकिएन र तारकेश्वर नगरपालिकाबाट आफ्नै बजेटसमेत प्रयोग गरी निर्माण कार्य अघि बढाइएको अवस्था छ। सम्बन्धित निकायहरूले साविक २०२२ सालको नापी नक्सा तथा हाल कायम नयाँ नापी नक्सालाई आधार बनाई

खोलाको वास्तविक वहाव क्षेत्र र चौडाई यकिन नगरी एकतर्फी रूपमा रिटेनिङ वाल तथा सडक संरचना निर्माण गर्दा खोलाको प्राकृतिक वहाव साँघुरिने, पानीको बहावमा अवरोध उत्पन्न हुने तथा वर्षायाममा बाढी, कटान र डुबानको जोखिम निवेदकहरूको घरजग्गातर्फ बढ्ने अवस्था छ। नेपालको संविधानको धारा १६(१), १७(२), १८, २५ र ३७ ले प्रत्याभूत गरेका सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रतापूर्वक बसोबास गर्न पाउने, समान संरक्षण तथा सम्पत्तिको हकमा समेत प्रत्यर्थीहरूको उक्त कार्यबाट प्रतिकूल असर परेको छ। कानूनी प्रक्रिया तथा प्राविधिक यकिनबिना सार्वजनिक खोलाको वहाव क्षेत्र साँघुरो पार्ने गरी संरचना निर्माण गर्नु कानूनसम्मत हुन सक्दैन। साविक २०२२ सालको सर्भे नापी नक्सा तथा हाल कायम नापी नक्सालाई आधार बनाई सम्बन्धित प्राविधिक विज्ञमार्फत महादेव खोलाको वास्तविक वहाव क्षेत्र तथा चौडाई यकिन गराई सो क्षेत्रमा अतिक्रमण वा साँघुरो हुने गरी निर्माण गरिएका तथा निर्माणाधीन रिटेनिङ वाल, सडक वा अन्य संरचना हटाउन तथा थप निर्माण नगर्नू/नगराउनू भनी प्रत्यर्थीहरूका नाममा उपयुक्त आदेश, साथै, खोलामा संरक्षणात्मक संरचना निर्माण गर्न आवश्यक भए साविक तथा प्रचलित नापी नक्साअनुसार खोलाको प्राकृतिक वहाव क्षेत्र कायम हुने गरी दुवैतर्फ समन्वयपूर्वक र प्राविधिक अध्ययनका आधारमा मात्र निर्माण कार्य अघि बढाउनू भनी प्रत्यर्थीहरूका नाममा परमादेश र जारी गरिपाउँ भन्नेसमेतको **निवेदक श्यामकृष्ण फुयालसमेतले यस अदालतमा पेस गरेको रिट निवेदन।**

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ७, ८, ९ र १० लाई महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा विपक्षी नं. ४, ५ र ६ लाई आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नू भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। अन्तरिम आदेश माग भएसम्बन्धमा विचार गर्दा दुवै पक्ष राखी छलफल गर्नु उपयुक्त हुने देखिएकाले सो प्रयोजनार्थ मिति २०७७।६।१२ को पेसी तोकी सोको सूचना विपक्षीहरूलाई दिनू र अन्तरिम छलफलबाट टुङ्गो नलागेसम्म निर्माण कार्य नगर्नू, नगराउनू, यथास्थितिमा राख्नू भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नू भनी **यस अदालतबाट २०७७।६।५ मा भएको आदेश।**

३. आफ्नो कार्यक्षेत्र शान्ति सुरक्षा कायम गर्नु रहेको, जग्गाको सीमा निर्धारण, नापजाँच, खोलाको चौडाई निर्धारण वा निर्माण कार्य रोक्ने विषय प्रहरीको क्षेत्राधिकारभित्र नपर्ने जनाएको छ। सम्बन्धित स्थानमा शान्ति सुरक्षा माग भएकाले आवश्यक शान्ति सुरक्षा प्रदान गरिएको र आफ्नो तर्फबाट कानूनबमोजिमको दायित्व पूरा गरिएको हुँदा रिट निवेदन खारेज हुनुपर्ने भनी महानगरीय

प्रहरी वृत्त, बालाजुको तर्फबाट यस अदालतमा पेस गरिएको लिखित जवाफ।

४. काठमाडौं महानगरपालिकाको मिति २०७७।२।२७ को निर्णय कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालयबाट पत्र प्राप्त भएपछि आवश्यक शान्ति सुरक्षा व्यवस्था मिलाउन महानगरीय प्रहरी वृत्त बालाजुलाई पत्राचार गरिएको हुँदा आफ्नो तर्फबाट आवश्यक कार्य भएको हुँदा रिट जारी हुनुपर्न होइन खारेज गरिपाउँ भनी महानगरीय प्रहरी परिसर, काठमाडौंको तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।

५. काठमाडौं उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गाउँ विकास समितिहरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड २०६४ को मापदण्डमा मिति २०६५/८/१ मा नेपाल सरकार मन्त्री परिषदबाट निर्णय हुँदा महादेव खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दायाँ बायाँ १०/१० मिटर दुरी छोडी निर्माण गर्न पाइने नेपाल सरकारको मापदण्ड रहेकोमा मिति २०७३/१२/०७ मा काठमाडौं उपत्यका विकास प्राधिकरणबाट स्थलगत निरीक्षण नापजाँच गर्दा महादेव खोलाको चौडाई ११ मिटर देखि १५.७० मिटरसम्म देखिएको हुनाले कम्तिमा १२ मिटर चौडाई नघट्ने गरी महादेव खोलाको चौडाई कायम गर्ने भनी निर्णय भएको छ। महादेव खोला किनारमा खोलाको जग्गा अतिक्रमण गरी मापदण्ड विपरीत संरचना निर्माण गरेको र खोलाको अतिक्रमण निरन्तर भईरहेको हुनाले र यस सम्बन्धमा महादेव खोलाको अतिक्रमण जोगाउन थप कारवाही गर्नु पर्ने स्थिति र अवस्था देखिएको उक्त कार्यमा निवेदकहरुको समेत संलग्नता रहेको भन्ने बुझिन आएको हुँदा तत्काल उक्त कित्ता जग्गाहरु रोकी सोको जानकारी पठाई सहयोग गर्न भनी मिति २०८१/१२/२२ मा मालपोत कार्यालय मनमैजु काठमाडौमा पत्राचार गरिएको हो। उक्त पत्राचार कानूनी प्रक्रिया बमोजिम गरिएको र अवैध संरचना हटाउने र सार्वजनिक सरकारी जग्गाको सुरक्षा गर्ने पवित्र सोच राखी कार्य अगाडी बढाइएको, मिति २०७६/१०/२८ मा काठमाडौं महानगरपालिकाका प्रतिनिधी र तारकेश्वर नगरपालिकाको प्रतिनिधिहरु बसी हाल बगिरहेको महादेव खोलाको बहाव क्षेत्रलाई केन्द्र मानी उपत्यका विकास प्राधिकरणद्धारा तय गरिएको बहाब क्षेत्र १२ मिटर कायम गर्न दुबै तर्फ बराबरी हुने गरी जग्गा कट्टा गर्ने र सोही आधारमा रिटेनिङ वाल लगाई सडक निर्माण प्रक्रिया अगाडी बढाइएको हुँदा यस कार्यालबाट काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ तथा नेपाल सरकारको निर्धारित मापदण्डबमोजिम कार्य गरिएको तथा काठमाडौं उपत्यकाका नदिहरुलाई स्वस्छ, सुन्दर र हरियाली बनाउने उद्देश्य अनुरुप महादेब खोलाको बहाब क्षेत्र कायम गरिएको र खोला किनारमा हुने सार्वजनिक जग्गा अतिक्रमण रोक्ने असल मनसायका साथ मिति २०८१/१२/२२ मा मालपोत कार्यालय मनमैजु काठमाडौलाई गरिएको पत्राचार र सो बमोजिमका काम कारवाही कानून सम्मत रहेकोले उक्त पत्र सदर कायम गरी विपक्षीका रिट निवेदन खारेज गरी न्याय ईन्साफ दिलाई पाउँ भन्ने बेहोराको काठमाडौं उपत्यका विकास प्राधिकरणको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।

६. यस विषयमा माहादेव खोला साविकमा कहाँ वगेको थियो ? कहिले खोला को धार परिवर्तन गरि

काठमाडौं महानगरपालिका. वडा नं. १६ तर्फ खोला वग्न थाल्यो ? सो निवेदनमा कही कतै खुल्दैन। विपक्षी निवेदकहरु साविकका वासिन्दा नभइ पछीबाट सो स्थानमा जग्गा खरिद गरी वसोवास गरि आउनु भएको व्यहोरा निवेदकहरुको वतनबाट नै प्रष्ट भएको अवस्थ छ। खोलाको वहाव हाल जहाँ छ सोही स्थान नै खोला हुने भएतापनि खोलाको पूर्वतर्फ रहेका निवेदक एंवम सो वडाका जनप्रतिनिधी र पश्चिम तर्फका बासिन्दा र तारकेश्वर नगरपालीकाका जनप्रतिनीधीहरु आफैले फित्ता लिइ नाप जाँच एकिन गरी खोलाको दुवै तर्फ रेखाङ्कन गरी बोलपत्र कवुल गर्ने ठेकेदार मार्फत यस काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयबाट रिटेनिङ वाल लगाउन कार्यदेश दिइ केही कार्य गरी करिव ७०/७५ मिटर रिटेनिङवाल लगाए पश्चात सो स्थानका वासिन्दाले विवाद श्रृजना गरेकोले सो स्थानमा यस प्राधिकरणबाट थप केही कार्य नगरे नगराएको व्यहोरा सम्मानित अदालत समक्ष सादर निवेदन गर्दै विवाद रहित स्थानमा निर्माण कार्य गरि आएको व्यहोरा निवेदन छ। यस प्राधिकरण मार्फत रिटेनिङवाल निर्माण गर्दा गर्दै विवाद श्रृजना भएको र प्राधिकरणले कार्य रोकी केही नगरेको निवेदकले आफ्नो निवेदनमा नै उल्लेख गरेकाले महादेव खोलाको वहाव परिवर्तन भएको छ वा छैन ? वहाव परिवर्तन भए कहिले के कसरी भयो ? यस प्राधिकरण अनभिज्ञ रहेकाले विपक्षीहरुको रिट निवेदन खारेज गरी अलग फुर्सद पाउँ भन्ने बेहोराको जिल्ला आयुक्तको कार्यालय काठमाडौंका तर्फबाट यस अदालतमा पेस गरिएको लिखितजवाफ।

७. विपक्षीहरूको रिट निवेदन औचित्यहीन छ। काठमाडौं उपत्यका विकास प्राधिकरणको आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमअनुसार तारकेश्वर नगरपालिका वडा नं. ११ स्थित नेपालटार पुलदेखि टोखा जाने महादेव खोला मार्गमा करिडोर निर्माण, सडक चौडा तथा टेवा पर्खाल निर्माणको कार्य भइरहेकोमा ड्राइभिङ स्कुल अगाडिको करिब ६० मिटर क्षेत्रमा स्थानीय विवादका कारण निर्माण कार्य अवरुद्ध भएको थियो। प्राधिकरणको मिति २०७७।२।४ को पत्र तथा प्राविधिक प्रतिवेदनबाट सो स्थानमा खनिएको फाउण्डेशनका कारण वर्षायाममा खोलाले कटान गरी बाटो तथा बस्तीमा क्षति पुग्न सक्ने देखिएपछि नगरपालिकाले नदी नियन्त्रण तथा करिडोर स्तरोन्नतिको शीर्षकबाट आफ्नै स्रोतमा आवश्यक रकम विनियोजन गरी कार्य अघि बढाउने निर्णय गरेको हो। सोहीअनुसार स्थानीय उपभोक्ताहरूको भेलाबाट उपभोक्ता समिति गठन भई वडा कार्यालयको सिफारिससमेत प्राप्त भएको र काठमाडौं उपत्यका विकास प्राधिकरणले विवादित स्थानमा आफूबाट दोहोरो काम नहुने गरी नगरपालिकामार्फत कार्य सम्पन्न गर्न स्वीकृति/पत्राचार गरेपछि मिति २०७७।२।१५ मा योजना सम्झौता भएको थियो। उक्त योजनाअन्तर्गत महादेव खोला ड्राइभिङ स्कुल अगाडि ढुंगाको टेवा पर्खाल निर्माण गर्ने कार्य लागत अनुमानअनुसार उपभोक्ता समितिमार्फत सञ्चालन गरिएको हो। पर्खाल निर्माणपूर्व काठमाडौं उपत्यका विकास प्राधिकरण, नापी कार्यालय मनमैजु तथा डिल्लीबजार, काठमाडौं महानगरपालिका वडा नं. १६, तारकेश्वर नगरपालिका वडा नं. ११ लगायतका सम्बन्धित प्राविधिक तथा प्रतिनिधिहरूको संयुक्त उपस्थितिमा मिति २०७७।३।२ मा सीमाङ्कन गरिएको र सोही

सर्वसम्मत प्राविधिक सीमाङ्कनका आधारमा निर्माण कार्य अघि बढाइएको हो। कार्य सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन, अनुगमन समितिको निर्णय तथा वडा कार्यालयको सिफारिससमेतका आधारमा उपभोक्ता समितिलाई नियमानुसार रकम भुक्तानी गरिएको छ। विवादित आयोजना सम्पन्न भइसकेको हुँदा रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको छ। उक्त स्थानमा निर्माण कार्य लामो समयसम्म अधुरो रहँदा आवतजावतमा समस्या, खानेपानीका पाइप अवरुद्ध, पैदलयात्रीलाई जोखिम तथा वर्षायाममा खोलाको कटानबाट धनजनको क्षति हुन सक्ने अवस्था उत्पन्न भएको थियो। खाल्डोमा परी स्थानीय व्यक्तिसमेत घाइते भएको र स्थानीय बासिन्दाहरूबाट तत्काल पर्खाल निर्माण गरिदिन नगरपालिका समक्ष अनुरोधसमेत भएको थियो। त्यसैले सार्वजनिक सुरक्षा, नदी नियन्त्रण र स्थानीय पूर्वाधार संरक्षणका लागि नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी निर्माण कार्य सम्पन्न गरेको हो। नगरपालिकाबाट विपक्षीहरूको घरजग्गा अनधिकृत रूपमा मिच्ने वा मौलिक हकमा असर पार्ने गरी कुनै कार्य भएको छैन। काठमाडौं उपत्यका विकास प्राधिकरणले महादेव खोलाको चौडाइ १२ मिटर कायम गरी करिडोर निर्माण गर्ने मापदण्ड निर्धारण गरेकोमा हाल बगिरहेको खोलाकों मध्यबिन्दुलाई आधार मानी दुवैतर्फ समान रूपमा पर्खाल निर्माण गरिएको हो। उक्त चौडाइ निर्धारण गर्ने निर्णय नगरपालिकाको एकल निर्णय होइन। खोलाको चौडाइ घटाउने वा व्यक्तिको जग्गा अनधिकृत रूपमा लिने कार्य नगरपालिकाले गरेको छैन। विपक्षीहरूले साविक २०२२ सालको नापी नक्सालाई आधार मानी हाल खोलाको सीमा निर्धारण गर्न माग गरेको भए पनि त्यसबेलाको खोलाको बहाव र हालको बहाव एउटै अवस्थामा छैन। काठमाडौं महानगरपालिकातर्फ हालसाविक नापी भइसकेको, करिडोर तथा पर्खाल निर्माण भइसकेको र तारकेश्वर नगरपालिकातर्फ पनि हालको खोलाको सीमाका आधारमा करिडोर निर्माण भइसकेको अवस्थामा दशकौं पुरानो नक्सालाई मात्र आधार बनाई हालको खोलाको सीमा निर्धारण गर्नु व्यवहारिक तथा कानूनी रूपमा उचित हुँदैन। २०२२ सालको बहावलाई यथावत् कायम गर्ने हो भने हाल कायम भएका घरजग्गा, सडक तथा संरचनासमेत प्रभावित हुने अव्यवहारिक अवस्था उत्पन्न हुन्छ। त्यसैले हाल कायम नापी तथा वास्तविक खोलाको बहावलाई आधार मानिनु आवश्यक छ। विवादित स्थानभन्दा पश्चिमतर्फ नेपालटार पुलसम्म समेत सोही आधारमा पर्खाल निर्माण भइसकेको र सो समयमा विपक्षीहरूबाट कुनै आपत्ति गरिएको देखिँदैन। महानगरपालिका, सम्बन्धित वडा कार्यालय, काठमाडौं उपत्यका विकास प्राधिकरण, प्राविधिक कर्मचारी तथा स्थानीय सरोकारवालाहरूको समन्वयमा सीमाङ्कन गरी पर्खाल निर्माण गरिएको हो। निर्माण कार्य रोक्न विभिन्न अवरोधसमेत सिर्जना भएको र स्थानीय उपभोक्ता तथा बासिन्दाहरूलाई धम्की दिएको सम्बन्धमा सम्बन्धित प्रहरी तथा प्रशासनिक निकायमा निवेदनसमेत परेको अवस्था छ। नगरपालिकाले प्रचलित कानून, प्राविधिक प्रतिवेदन, सम्बन्धित निकायको समन्वय तथा स्वीकृति र संयुक्त प्राविधिक सीमाङ्कनका आधारमा सार्वजनिक हित, नदी नियन्त्रण, करिडोर संरक्षण तथा स्थानीय बस्तीको सुरक्षा प्रयोजनका लागि निर्माण कार्य सम्पन्न गरेको हुँदा विपक्षीहरूको

कुनै मौलिक हक हनन भएको छैन। पुरानो नापी नक्सालाई आधार बनाई व्यक्तिगत स्वार्थपूर्तिका लागि विकास निर्माणको कार्य रोक्न माग गरिएको रिट निवेदन तथ्य, कानून र औचित्यविहीन भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी तारकेश्वर नगरपालिकाको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।

८. काठमाडौं उपत्यका विकास प्राधिकरणको पत्रअनुसार तारकेश्वर नगरपालिका वडा नं. ११ तर्फको सिमाङ्कनका लागि यस कार्यालयबाट प्राविधिक टोली खटाइएकोमा फिल्डमा सिमाङ्कन गर्ने क्रममा विवाद उत्पन्न भएपछि दुवै पक्षका जग्गाधनी तथा जनप्रतिनिधिहरूको रोहवरमा सहमति कायम गरी सिमाङ्कन गर्ने गरी प्राविधिक टोली फिर्ता भएको हो। यस कार्यालयले आफ्नो कार्यमा कुनै वेवास्ता वा आलटाल गरेको छैन। साविक खोला तथा व्यक्ति विशेषको जग्गाको सीमा यकिन गरी सिमाङ्कन गर्न यस कार्यालय तयार रहेको र करिडोर तथा अन्य निर्माण कार्य यस कार्यालयको कार्यक्षेत्रभित्र नपर्ने, नक्साअनुसार सिमाङ्कन गर्ने मात्र जिम्मेवारी रहेको हुँदा निवेदकहरूलाई हानी– नोक्सानी हुने कुनै कार्य यस कार्यालयबाट नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने नापी कार्यालय मनमैजुको तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।

९. यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट विपक्षीको के कस्तो हक अधिकारको हनन भएको हो ? निवेदनमा नखुलाएको,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (न) को विपद् व्यवस्थापनको बुँदा नं. (३) मा स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने काम स्थानीय तहले गर्ने कानूनी व्यवस्था रहेकोले रिट निवेदकले आफ्नो रिट निवेदनमा उल्लेख गरेको विषयवस्तु यस मन्त्रालयसंग सम्बन्धित नरहेको र स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय तहले गर्ने काम कारवाहीलाई पनि यस मन्त्रालयसंग सम्बन्धित बनाई विपक्षी बनाएको,यस मन्त्रालयको निर्णय, निर्देशन एवं आदेशबाट निवेदकको घर जग्गालाई हानी नोक्सानी पुऱ्याउने कार्य नगरेको र यस मन्त्रालयको कुनै पनि निर्णय वा आदेशले विपक्षी रिट निवेदकलाई वैधानिक एवं कानूनी हक अधिकारमा आघात परेको नहुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।

१०. निर्माण सम्बन्धी कार्यमा नेपाल सरकारको निर्णयले सम्बन्धित मन्त्रालयको आदेश बमोजिम स्थानीय निकाय र सम्बन्धित निकायले के कस्तो मापदण्ड बमोजिम उक्त निर्माण कार्य गरिएको भन्ने सम्बन्धमा सम्बन्धित निकायहरुबाट सो को स्पष्ट विवरण प्राप्त हुने नै भएको र उक्त कार्यमा यस कार्यालयको कुनै भुमिका नरहने हुँदा प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेजभागी भएकोले खारेज गरिपाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।

११. विपक्षीहरुले आफ्नो रिट निवेदनमा महादेव खोलामा बाटो बनाउनको लागि काठमाडौं उपत्यका

विकास प्राधिकरणबाट रकम प्राप्त भई खोला किनारामा उत्तर तर्फ रिटेनिङ्ग वाल लगाउन लागेको कुरा स्वीकार गरेको देखिन्छ। उक्त निर्माण कार्यको लागि यस मन्त्रालयबाट कुनै पनि बजेट रकम विनियोजन नगरिएको तथा निर्माण कार्यमा यस मन्त्रालय अन्तर्गतको कुनै पनि निकायको संलग्नता नभएकोले प्रस्तुत रिट निवेदन खारेजभागि छ, खारेज गरिपाउँ भनी नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।

१२. रिट निवेदकले रिट निवेदनको प्रकारण नं. ८ र १३ मा विवादित महादेव खोलामा नगरपालिकाबाट वजेट निकाशा गरि निर्माण कार्य गरिरहेको भन्ने उल्लेख गर्नु भएकोले नगरपालिकाबाट हुने विकास निर्माणको कार्यमा यस मन्त्रालयलाई विपक्षी वनाउनु पर्ने अवस्था नै होइन। वास्तवमा अहिलेको एकाइसौं शताव्दीको युग भनेको आधुनिकिकरणको युग हो। आधुनिकिकरण भन्नुको अर्थ विकास निर्माण, उच्च प्रविधिबाट आम नागरिकलाई सेवा सुविधाको पहुँच बढाउने र आम नागरिकको जीवनस्तर उकास्ने, शहरमा वसोवास गर्ने नागरिकहरुलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुपको न्यूनतम सुविधाहरु उपलब्ध गराउनकै लागि आधुनिक शहरीकरण, Smart City को अवधारणा अघि सारिएको हो। जसको सफल कार्यान्वयनका लागि सरकारले विभिन्न नीति नियम निर्माण गर्ने, विभिन्न योजना आयोजनाहरु सञ्चालन गर्नुपर्ने हुन्छ भने नागरिक समाजले पनि यस प्रति सकारात्मक सोच राखि जागरुक हनु उत्तिकै आवश्यक हुन्छ। वास्तवमा सोही अवधारणा कार्यान्वयन गर्ने सन्दर्भमा नै काठमाडौं उपत्यका विकास प्राधिकरणको गठन नेपाल सरकारले गरेको हो। प्रस्तुत विकास निर्माण नागरिकहरुको हित र सुविधाकै निमित्त गरिने हुँदा वृहत्तर सामाजिक स्वार्थ वा हितका लागि व्यक्ति विशेषले योगदान पुर्‍याउनु पर्ने अवस्था सृजना हुन सक्दछ। राज्यले सञ्चालन गर्ने विकासका कार्यक्रमहरुमा व्यक्तिगत स्वार्थ वा हितभन्दा सामूहित हित वा स्वार्थ सर्वोपरि हुने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको सहरी विकास मन्त्रालयको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।

१३. यसमा निवेदक कविराज बस्नेत विपक्षि सहरी विकास मन्त्रालय समेत भएको ०८१- WO-१५६६ को उत्प्रेषण मुद्दामा प्रस्तुत ०७७-WO-०१३९ को रिट निवेदन लगाउमा राखी पेश गर्नु भनी मिति २०८२।३।३२ मा आदेश भईरहेकोमा उक्त मुद्दा लगाउ नै नगरी पेश गरेको देखिएकोले पुर्वदिश अनुसार मुद्दा लगाउमा राखी नियमानुसार पेस गर्नू भनी यस अदालतबाट मिति २०७२।५।३ मा भएको आदेश।

१४. प्रस्तुत निवेदनमा तारकेश्वर नगरपालिका बिष्णुमती महादेव खोला दोभानदेखी जरडर सम्मको महादेवखोलामा १२ मिटर कायम गर्ने गरी तारकेश्वर नगरपालिका र काठमाडौं महानगरपालिकाबाट भएको निर्णय सहितको फायल सम्बन्धित निकायबाट झिकाई यस अदालतमा विचाराधीन रहेको मुद्दा नं. ०८१-WO-१५५८ समेत साथै राखी नियमानुसार पेस गर्नू भनी यस अदालतबाट मिति २०८२।११।१३ मा भएको आदेश।

१५. यस अदालतबाट मिति २०८२।११।१३ मा भएको आदेशानुसार ०८१-WO- १५५८ को मुद्दा प्रस्तुत मुद्दाहरुसँग आजको पेसीमा नचढी मिति २०८३। ३। १ मा पेसी चढेको देखिँदा प्रस्तुत

मुद्दाहरुसमेत सोही मुद्दासँगै पेसी०मा राखी यसै विषयसँग सम्बन्धित यसै मुद्दा र लगाउमा गंगाबहादुर कुँवरले दिएको ०८२- MS-००४४ को अदालतको अवहेलना रहेका ०७७-MS-००१३ र ०८१-WO-१५६६ मुद्दासमेत साथै राखी नियमानुसार पेस गर्नू भनी यस अदालतबाट मिति २०८३।२।४ मा भएको आदेश।।

यस अदालतको आदेश

१६. नियम बमोजिम मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरियो।

१७. निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री आशिष अधिकारीले निवेदकहरूको बसोबास रहेको काठमाडौं महानगरपालिका वडा नं. १६ र महादेव खोलाको पारिपट्टि रहेको साविक मनमैजु गाविस वडा नं. १(क), हाल तारकेश्वर नगरपालिका वडा नं. ११ लाई महादेव खोलाले छुट्याएको छ। साविक २०२२ सालको नापी नक्सामा देखिएको खोलाको प्राकृतिक वहाव क्षेत्रलाई बेवास्ता गरी एकतर्फी रूपमा तारकेश्वर नगरपालिका तर्फबाट रिटेनिङ वाल निर्माण गर्दा खोलालाई निवेदकहरूको घरजग्गातर्फ धकेलिएको, यसबाट निजी सम्पत्ति तथा सुरक्षित आवासको हकमा प्रत्यक्ष असर पर्ने र भविष्यमा बाढी तथा कटानको जोखिम बढ्ने,निवेदकहरूको माग विकास निर्माण रोक्ने नभई खोलाको वास्तविक सीमा र वहाव क्षेत्र यकिन गरेर मात्र निर्माण गर्नुपर्ने भएको, सम्बन्धित निकायहरूबीच विवाद उत्पन्न भइसकेको अवस्थामा प्राविधिक नापजाँच नगरी निर्माण जारी राख्नु कानूनसम्मत नहुने तथा अपूरणीय क्षति हुनसक्ने भएकाले परमादेश तथा अन्तरिम आदेश जारी हुनुपर्ने भनी गर्नुभएको बहस सुनियो।

१८. त्यसैगरी सहरी बिकास मन्त्रालय, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय,नापी कार्यालय र महानगरीय प्रहरी वृत्त बालाजुसमेतको तर्फबाट उप न्यायाधिवक्ता श्री श्याम प्रसाद दाहालले तारकेश्वर नगरपालिका र काठमाडौं महानगरपालिका वडा नम्बर १६ का बासिन्दा बीच महादेव खोलाको बहावक्षेत्र कति छाड्ने र संरचना बनाउने भन्ने विवादमा मन्त्रालय,प्रहरी वृत्त, नापी कार्यालयकों कुनै संलग्नता नरहेकोले यी निकायको हकमा रिट खारेज हुनुपर्छ भनी गर्नु भएको वहससमेत सुनियो।

१९. त्यसैगरी काठमाडौं उपत्यका विकास प्राधिकरणसमेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री काशीनाथ अर्याल र श्री चन्द्र प्रसाद पोखरेलले काठमाडौं उपत्यका विकास प्राधिकरण र काठमाडौं विकास जिल्ला आयुक्त कार्यालयले तारकेश्वर नगरपालिका,काठमाडौं महानगरपालिकाको वडा नम्बर १६ को बासिन्दाबीच छलफल भइ महादेव खोलाको केन्द्रविन्दुबाट १२ मिटर छाडि बाटो लगायतको संरचना बनाउन सक्ने गरी निर्णय भई तारकेश्वर नगरपालिकाले बाटो लगायतको संरचना बनाई सकेकोमा ती संरचनाको संरक्षण गर्ने रिटेनिङ वाल लगाउन आवस्यक भएको भनी रिटेनिङ वाल लगाउदा विबाद भै जिल्ला प्रशासन कार्यालयको पत्रानुसार रोकेकोमा पछि तारकेश्वर नगरपालिकाको खर्चमा काम सम्पन्न भैसकेकोमा यस कार्यालयबाट सार्वजनिक जग्गा अतिक्रमण गरी बनाएका संरचना भत्काउन भनिसकेको

छ। सहरी विकास मन्त्रालयसमेतको उक्त कार्यमा कुनै संलग्नता नभएकोले यि निकायको हकमा रिट खारेज हुनुपर्छ भनी गर्नू भएको वहस सुनियो।

२०. त्यसैगरी तारकेश्वर नगरपालिका कार्यालयको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रामहरी नेपालले काठमाडौं उपत्यका विकास प्राधिकरणले महादेव खोलाको चौडाई १२ मिटर कायम गरी टेवा पर्खाल निर्माण गर्ने मापदण्ड निर्धारण गरेको र हाल बगिरहेको खोलाको मध्यबिन्दुलाई आधार मानी दुवैतर्फ बराबर हुने गरी पर्खाल निर्माण गरिएको हुँदा खोलाको चौडाई घटाइएको छैन। २०२२ सालको नापी नक्सालाई मात्र आधार बनाउन नसकिने, हाल नयाँ नापी भई हालसाबिकसमेत भइसकेको तथा सोही आधारमा करिडोर सडक र संरचना निर्माण भइसकेको हुँदा हालको नापी तथा विद्यमान अवस्थालाई आधार मान्नुपर्ने,नगरपालिकाले निवेदकको कुनै हक हनन नगरेकोले रिट खारेज हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

२१. यसमा तारकेश्वर नगरपालिका वडा नं. ११ तर्फ महादेव खोला किनारमा सडक तथा करिडोर निर्माण भइसकेको अवस्थामा काठमाडौं उपत्यका विकास प्राधिकरण तथा तारकेश्वर नगरपालिकाबाट खोलाको वहाव क्षेत्र साँघुरो हुने गरी निवेदकहरूको घरजग्गातर्फ रिटेनिङ वाल निर्माण गर्न थालिएको, यसबाट खोलाको प्राकृतिक वहाव प्रभावित भई वर्षायाममा बाढी, कटान तथा डुबानको जोखिम बढ्ने र निवेदकहरूको निजी सम्पत्तिमा अपूरणीय क्षति पुग्ने अवस्था रहेकोले साविक २०२२ सालको सर्भे नापी नक्सा तथा हाल कायम नापी नक्सालाई आधार बनाई प्राविधिक विज्ञबाट महादेव खोलाको वास्तविक वहाव क्षेत्र, चौडाई तथा सीमा यकिन गराई खोलाको वहाव क्षेत्र साँघुरिने गरी निर्माण गरिएका वा निर्माणाधीन रिटेनिङ वाल तथा अन्य संरचना हटाउन र भविष्यमा त्यस्तो निर्माण नगर्न/नगराउन परमादेशको माग गरेकोमा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समग्र प्रत्यर्थीहरूको लिखितजवाफ देखियो।

२२. प्रस्तुत निवेदनमा निवेदकहरुको माग बमोजिमको आदेश जारी हुने हो वा होईन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२३. निर्णय तर्फ विचार गर्दा, रिट निवेदनबाट निवेदकले उठाएको मुख्य प्रश्न सरकारी सम्पत्ति संरक्षण र खोलाको मापदण्ड तथा प्राकृतिक बहावसँग सम्बन्धित विषयहरु महत्वपूर्ण रहेको कुरामा कुनै विवाद हुन सक्दैन । खोला लगायतका सरकारी सम्पत्तिको नेपाल सरकार तथा स्थानीय तहबाट संरक्षण हुनुपर्ने र कसैले पनि खोलाको बवाह क्षेत्र वा खोलाको सतह वा चौडाईलाई संकुचन गर्न मिल्दैन । मुलुकी देवानी संहिता,२०७४ को दफा २९९ ले सडक र खोलालाई सरकारी सम्पत्तिको रुपमा परिभाषित गरी सोही संहिताको दफा ३०४ को उपदफा (१) र उपदफा (२) मा सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व नेपाल सरकार, सम्बन्धित जिल्ला स्तरीय प्रशासनिक कार्यालय र स्थानीय तहको हुने गरी यी निकायको दायित्व निर्दिष्ट गरेको छ । साथै सोही संहिताको दफा ३०६ मा कसैले पनि सरकारी, सार्वजनिक र सामुदायिक जग्गा कब्जा गर्न नहुने र दफा ३०७ मा कसैले पनि सरकारी र सार्वजनिक जग्गामा नीजि वा सार्वजनिक प्रयोजनका नेपाल सरकारले उचित ठहराएको प्रयोजनको लागि बाहेक कुनै संरचना

बनाउन नपाइने र सो बिपरित हुने गरी बनाएमा प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहले रोक्ने तथा प्रमुख जिल्ला अधिकारीले भत्काउन लगाउने भत्काउन सक्ने समेतका कानूनी प्रवन्ध गरिएका छन् । यी कानूनी व्यवस्थाको कार्यान्वयन र पालना गर्नु सम्बन्धित निकाय र तहको कर्तब्य हुन्छ ।

२४. अन्तराष्ट्रियस्तरमा खोला वा नदीको अधिकार संरक्षणका लागि विभिन्न प्रयासहरु र आन्दोलन (movement) भएका छन् । यस movement ले सबै खोलालाई जिवित ब्यक्तित्व (living entities) का रुपमा मान्यता दिनुपर्ने र अदालतमा कानूनी कारबाहीका लागि सक्षमता प्रदान गर्नुपर्ने कुराको वकालत गर्दछ । यसको अर्थ खोला स्वतन्त्र रुपमा बहन पाउनुपर्ने, प्रदुषणबाट संरक्षित हुन पाउने र जैविक विविधता, बासस्थान र पर्यावरणीय कार्यको पूर्णरुपमा कानूनी संरक्षण हुनुपर्ने कुरालाई खोलाको मौलिक अधिकारको रुपमा लिनुपर्ने भन्ने मानिन्छ ।[1] खोलाको अधिकार सम्बन्धी विश्वब्यापी घोषणापत्र नै जारी भएको छ । यस घोषणापत्रमा नदीका बहावका अधिकार लगायतका मौलिक अधिकारको निर्धारण गर्नुका साथै ब्यक्तित्वको रुपमा लिदै नदीले अदालतमा कानूनी रुपमा प्रस्तुत हुन सक्षमता राख्ने कुराको घोषणा गरिएको छ ।[2] यसका साथै विश्वका विभिन्न मुलुकमा खोलाको अधिकारलाई मान्यता दिने अभ्यास भइरहेको पाइन्छ । इक्वेडरले सन् २००८ मा संविधानमा नै प्राकृतिक कुराको कानूनी रुपमा कार्यान्वयनयोग्य अधिकार हुने व्यवस्था गरेको छ ।[3] न्यूजिलैण्डमा whanganui नदीका बारेमा नदीसंग सम्बन्धित आदिबासीलाई अदालतमा कुरा उठाउने अधिकार दिएको छ र यसलाई कानूनी व्यक्तिको रुपमा मानेको छ।[4] कोलम्बियाको संवैधानिक अदालतले Atrato नदीको संरक्षण, व्यवस्थापन, संभार र पुनर्स्थापनाको अधिकार हुने निर्णय गरेको छ ।[5] भारतमा उत्तरान्चल उच्च अदालतले गंगा र यमुना नदी लगायतका अन्य प्राकृतिक कुराको कानूनी व्यक्तिको हैसियत रहने र जीवित व्यक्ति सरह अधिकार , दायित्व र कर्तब्य हुने निर्णय गरेको छ ।[6] भारतकै पंजाब हरियाणा उच्च अदालतले पनि Sukhna Lake लाई कानूनी व्यक्तित्वको हैसियत प्रदान गरेको देखिन्छ ।[7] बंगलादेशको सर्वोच्च अदालतबाट पनि बंगलादेशका सबै नदीलाई जीवित व्यक्ति सरहको कानूनी हैसियत हुने घोषणा गरेको छ ।[8] क्यानडामा पनि नदीको कानूनी व्यक्तित्व हुने घोषणा गर्ने कार्य प्रारम्भ

---

[1] https://freshwaterblog.net/2021/09/10/rights-of-rivers-at-the-iucn-world-conservation-congress-2021/

[2] https://biofreshblog.files.wordpress.com/2021/09/fb1e9-udrr_nov2020update_logos.pdf

[3] The Constitution of the Republic of Ecuador Articles 10 and 71–74

[4] Te Awa Tupua (Whanganui River Claims Settlement) Act 2017

[5] Constitutional Court of Colombia. Judgment T-341 of 2016.
http://files.harmonywithnatureun.org/uploads/upload838.pdf

[6] Lalit Miglani vs State Of Uttarakhand And Others on 30 March, 2017 https://indiankanoon.org/doc/९२२०१७७०/ यस निर्णयमा भनिएको छ We, by invoking our parens patriae jurisdiction, declare the Glaciers including Gangotri & Yamunotri, rivers, streams, rivulets, lakes, air, meadows, dales, jungles, forests wetlands, grasslands, springs and waterfalls, legal entity/ legal person/juristic person/juridicial person/ moral person/artificial person having the status of a legal person, with all corresponding rights, duties and liabilities of a living person, in order to preserve and conserve them. They are also accorded the rights akin to fundamental rights/ legal rights.

[7] Court On Its Own Motion vs Chandigarh Admn on 2 March, 2020 https://indiankanoon.org/doc/87436538/

[8] https://www.centerforenvironmentalrights.org/news/bangladesh-supreme-court-upholds-rights-of-rivers

भएको पाइन्छ ।[9] दक्षिण कोरीयामा Cheonggyecheon खोला सन् १९७० को दशकमा छोपी राजमार्ग बनाइएकोमा पछि सन् २००३ मा ६ किलोमिटर लामो छोपिएको भाग खुला गरिएको पाइन्छ ।[10]

२५. नेपालमा यस अदालतबाट काठमाडौं उपत्यकाभित्र बहने बाग्मती, विष्णुमती, हनुमन्ते, मनहरा जस्ता नदी, खोला लगायत तिनका सहायक खोलाहरूको बहाव र तटीय क्षेत्र कति रहनुपर्ने भन्ने नितान्त प्राविधिक विषय हो ।साधारणतया नदीको लम्बाई, जलाधार क्षेत्र, नदीमा हिउँद र वर्षातमा हुने जलप्रवाह, बाढीको चाप, धार परिवर्तन र कटान गर्ने नदीको व्यवहार र नदी क्षेत्रको जनसंख्या, बस्ती र वातावरणीय पक्ष एवं संविधानले परिलक्षित गरेको "दिगो वातावरणीय विकास" को अवधारणालाई समेत मध्यनजर गर्दै नदीको सीमा कायम गरिनुपर्ने हुन्छ भनी ब्याख्या भएको देखिन्छ।[11] यस आदेशमा सरकारी जग्गा अतिक्रमण भएको देखिएमा दर्ता बदर हुन सक्ने र व्यक्तिको जग्गा देखिए कानून बमोजिम प्राप्त गरी नदीको अधिकार संरक्षित गर्ने मर्म अन्तरनिहित रहेको देखिन्छ।

२६. खोला सम्बन्धमा उल्लिखित विकसित अवधारणा र संवैधानिक तथा कानूनी व्यवस्थासमेतका सापेक्षतामा खोलाले आफ्नो बहावक्षेत्रमा निर्वाध रुपमा बहाव गर्ने अधिकार राख्दछ। खोला लगायतमा सरकारी सार्वजनिक जग्गा मिच्ने कार्य अक्षम्य हुन्छ। खोला वा नदीको प्राकृतिक वहाव क्षेत्र मिच्ने कार्यले बाढी,डुवान,वातावरण,पर्यावरण जैविक विविधतामा ह्रास लगायत प्राकृतिक प्रकोप बढ्छ। यी सबै कुराहरुलाई हृदयगम गरी निवेदनमा उल्लिखित खोलाको बहाव क्षेत्र वा तटीय क्षेत्र वा चौडाई कति रहनुपर्ने भन्ने पहिचान र निर्धारण आधिकारिक निकायमा रहेका नक्सा, जग्गासम्बन्धी अभिलेख र श्रेस्तासमेतलाई हेरी प्राविधिक पक्षमासमेत दृष्टिगत गरी नेपाल सरकार र अन्य साधिकार निकायबाट गरिनु पर्ने विषय हो ।यस अदालतबाट खोलाको चौडाई यति हुने वा खोलाको चौडाई यसले यति मिचेको छ भनी रिट क्षेत्राधिकारबाट निरुपण गर्नु उपयुक्त हुँदैन । यो कार्य साधिकार निकायहरुबाटै हुनुपर्ने हुन्छ । त्यसो हुँदा निवेदन मागबमोजिम यस अदालतबाट निर्माण कार्य बदर गर्न वा खोलाको न्यूनतम चौडाइ यति कायम गर्नु भनी आदेश जारी गर्न मिल्ने देखिएन ।

२७. अपितु, विवादको विषयबस्तु महादेव खोला जस्तो सरकारी सम्पत्तिसँग सम्बन्धित रहेको हुँदा यस्तो सरकारी सम्पत्ति संरक्षण गर्नु राज्यका सयंन्त्रहरुको दायित्वको विषय रहेको हुँदा खोलाको बहाव क्षेत्र वा चौडाईलाई कसैले पनि संकुचन गर्न नपाउने कुरालाई हृदयंगम गरी खोलाको ववाह क्षेत्र वा तटीय क्षेत्र वा चौडाई सम्बन्धमा जग्गासम्बन्धी साधिकार निकायमा रहेका अभिलेख, श्रेस्ता र साधिकार निकायबाट कायम मापदण्ड समेतलाई हेरी प्राविधिक पक्षमासमेत दृष्टिगत गरी खोला संकुचन हुन नदिई संरक्षण गर्नु भनी विपक्षीहरुलाई निर्देश गर्नु पर्ने देखियो ।

२८. अतः निवेदकले माग गरेबमोजिम उत्प्रेषण र परमादेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता

---

[9] https://environmentjournal.ca/quebec-river-declared-personhood-with-rights-a-first-for-canada/

[10] https://www.ser-rrc.org/project/south-korea-restoration-of-the-cheonggyecheon-river-in-downtown-seoul/

[11] ने.का.प.२०७८, अंक १, निर्णय नं.१०६२५

नदेखिएकाले रिट निवेदन खारेज हुने ठहर्छ। अपितु, निवेदनमा उल्लिखित खोला लगायत सरकारी/सार्वजनिक सम्पत्तिको कानूनबमोजिम संरक्षण गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

२९. यो आदेशको जानकारी विपक्षीहरूलाई दिनु भनी आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू। प्रस्तुत आदेशको प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई नियमानुसार गर्नू।

(महेश शर्मा पौडेल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(श्रीकान्त पौडेल)
न्यायाधीश

इजलास अधिकृतः-(उपसचिव) देवी ढकाल
कम्प्युटर अपरेटरः- चन्द्रावती तिमल्सेना
इति संवत् २०८३ साल श्रावण १३ गते रोज ४ शुभम्.....।